बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक ११ २०८३ जेठ

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को जेठ मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक*)	५५,३६,४४९	६१,१७,३२२	१०.४९
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	७४,२१,२९४	८१,२७,२९०	९.५१
वैदेशिक रोजगार बीमालेख संख्या	२५,४०,९५८	२४,१०,८७१	(५.१२)
कुल सक्रिय जीवन बीमालेख संख्या	**१,५४,९८,७०१**	**१,६६,५५,४८३**	**७.४६**
कुल जारी जीवन बीमालेख संख्या	**६१,८७,८२२**	**७१,९२,९०३**	**१६.२४**
कुल जारी निर्जीवन बीमालेख संख्या	**२९,२६,५२९**	**३१,०६,६२२**	**६.१५**

चालु आ.व २०८२/८३ को जेठ मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ७१ लाख ९२ हजार ९०३ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ३१ लाख ०६ हजार ६२२ वटा बीमालेख जारी भएका छन् । साथै, यस आ.व.को जेठ मसान्तसम्ममा १ करोड ६६ लाख ५५ हजार ४८३ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को जेठ मसान्तको तुलनामा ७.४६ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	३,५१,७५१.३१	४,३६,५१७.५०	२४.१०
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	११,९९,८२४.०५	१३,४०,०३२.७४	११.६९
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१५,५१,५७५.३६**	**१७,७६,५५०.२३**	**१४.५०**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**३,९८,८४०.७५**	**४,५५,८३४.५०**	**१४.२९**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**१९,५०,४१६.११**	**२२,३२,३८४.७४**	**१४.४६**

चालु आ.व २०८२/८३ को जेठ मसान्तसम्ममा रु. २ खर्ब २३ अर्ब २३ करोड ८५ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को जेठ मसान्तको तुलनामा १४.४६ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को जेठ मसान्तको तुलनामा चालु आ.व को जेठ मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १४.५० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७७ अर्ब ६५ करोड ५० लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १४.२९ प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब ५८ करोड ३५ लाख बीमाशुल्क संकलन भएको छ ।

३. बीमा दाबी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	२,३८,६०८	२,६५,२०४	११.१५
जीवन बीमा दाबी भुक्तानी रकम	५,२६,४१८.३०	६,६४,१५७.४५	२६.१७
भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)*	५४,४२२	६०,९५४	१२.००
भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)*	४५,७९७.२८	५५,४७१.७८	२१.१२
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	१,२७,२८२	१,४०,३५१	१०.२७
निर्जीवन बीमा दाबी भुक्तानी रकम	२,०३,००३.१२	२,६५,६१०.७५	३०.८४
भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)*	१,०६,७५७	१,१७,१८२	९.७७
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	३,०४,६१६.८३	४,३८,९४४.३५	४४.१०

चालु आ.व २०८२/८३ को जेठ मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २ लाख ६५ हजार २०४ रहेको छ जस अन्तर्गत रु. ६६ अर्ब ४१ करोड ५७ लाख भुक्तानी भएको छ। गत आ.व.को जेठ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ११.१५ प्रतिशत र २६.१७ प्रतिशतले वृद्धि भएको देखिन्छ। साथैँ, ६० हजार ९५४ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ५४ करोड ७२ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को जेठ मसान्तसम्ममा कुल १ लाख ४० हजार ३५१ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु २६ अर्ब ५६ करोड ११ लाख भुक्तानी भएको छ भने, १ लाख १७ हजार १८२ वटा दाबी संख्या अन्तर्गत कुल रु ४३ अर्ब ८९ करोड ४४ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को जेठ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ९.७७ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ४४.१० प्रतिशत वृद्धि भएको देखिन्छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१६.९८	१८.६०
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३९.७५	४३.३१
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४७.९५**	**५१.०२**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को जेठ मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ५१.०२ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ४८.९८ प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	९८,०४१	८३,४४२	(१४.८९)
समर्पण रकम	१,३५,४१५.५१	१,२५,९२६.००	(७.०१)
व्यतित बीमालेखको संख्या	१२,४३,७६९	१०,२७,९६३	(१७.३५)

व्यतित बीमालेखको रकम	३,६५,१४७.१०	३,८६,७६०.६५	५.९२

चालु आ.व २०८२/८३ को जेठ मसान्तसम्ममा ८३ हजार ४२२ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १२ अर्ब ५९ करोड २६ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १० लाख २७ हजार ९६३ बीमालेख व्यतित भएका छन् भने व्यतित बीमालेखको रकम रु ३८ अर्ब ६७ करोड ६१ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८२ जेठ मसान्तसम्ममा	२०८३ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८५०	१,८३८	(०.६५)
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५७	१,१५५	(०.१७)
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**३,००७**	**२,९९३**	**(०.४७)**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,१११	६,१२९	०.२९
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	६,१२३	६,२६३	२.२९
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**१२,२३४**	**१२,३९२**	**१.२९**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८३८ र निर्जीवन बीमातर्फ १ हजार १५५ गरी जम्मा शाखा संख्या २ हजार ९९३ पुगेको छ। जीवन बीमातर्फ ६ हजार १२९ र निर्जीवन बीमातर्फ ६ हजार २६३ गरी कुल १२ हजार ३९२ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८२ जेठ मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२,५४,०३४	४.११	२,५५,४६८	३.५५	**०.५६**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	३२,८१०	०.५३	३५,३६३	०.४९	**७.७८**
रुपान्तरित सावधिक जीवन बीमा	४६,१६३	०.७५	५१,३६२	०.७१	**११.२६**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	९७,६४३	१.५८	१,०८,२५१	१.५०	**१०.८६**

वैदेशिक रोजगार म्यादी	७,४६,३४४	१२.०६	७,२३,२६५	१०.०६	(३.०९)
आजीवन जीवन बीमा	५,२०७	०.०८	४,१२०	०.०६	(२०.८८)
एकल बीमाशुल्क जीवन बीमा	२०,७४६	०.३४	१५,१७३	०.२१	(२६.८६)
म्यादी जीवन बीमा	९,८६,८९०	१५.९५	९,६०,१९८	१३.३५	(२.७०)
लघु जीवन बीमा	३९,८९,०५८	६४.४७	५०,३१,३९५	६९.९५	२६.१३
अन्य जीवन बीमा	८,९२७	०.१४	८,३०८	०.१२	(६.९३)
जम्मा	६१,८७,८२२	१००.००	७१,९२,९०३	१००.००	१६.२४

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६९.९५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ। गत आ.व.को जेठ मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १६.२४ प्रतिशतले वृद्धि भएको छ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८२ जेठ मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२०,७९,४६४	१३.४२	२२,४९,१२८	१३.५०	८.१६
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४,४८,४१८	२.८९	४,६४,३६८	२.७९	३.५६
रुपान्तरित सावधिक जीवन बीमा	५,४४,४५५	३.५१	६,१२,६८५	३.६८	१२.५३
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,३९,०१४	६.७०	११,११,७०९	६.६७	७.००
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२५,४०,९५८	१६.३९	२४,१०,८७१	१४.४७	(५.१२)
आजिवन जीवन बीमा	१,७६,५९०	१.१४	१,६९,५१५	१.०२	(४.०१)
एकल बीमाशुल्क जीवन बीमा	९१,७४३	०.५९	१,१६,४२४	०.७०	२६.९०
म्यादि जीवन बीमा	३३,८८,१४८	२१.८६	३४,९४,२३२	२०.९८	३.१३
लघु जीवन बीमा	५०,६६,०७०	३२.६९	५९,०२,३१६	३५.४४	१६.५१
अन्य जीवन बीमा	१,२३,८४१	०.८०	१,२४,२३५	०.७५	०.३२
जम्मा	१,५४,९८,७०१	१००	१,६६,५५,४८३	१००	७.४६

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.४४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.७० प्रतिशत रहेको छ । गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा ७.४६ प्रतिशत वृद्धि भएको छ ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८२ जेठ मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१७,१२,६३७	११.०५	२०,१४,७२७	१२.१०	**१७.६४**
मधेश	६,२२,८३५	४.०२	७,३५,२८६	४.४१	**१८.०५**
बागमती	१,०१,९८,८१५	६५.८०	१,०३,४८,५८०	६२.१३	**१.४७**
गण्डकी	८,११,७७५	५.२४	११,५१,५७९	६.९१	**४१.८६**
लुम्बिनी	१०,५६,८८३	६.८२	११,६६,९०८	७.०१	**१०.४१**
कर्णाली	५,३४,४४५	३.४५	६,२१,१४३	३.७३	**१६.२२**
सुदुरपश्चिम	५,६१,३११	३.६२	६,१७,२६०	३.७१	**९.९७**
जम्मा	१,५४,९८,७०१	१००.००	१,६६,५५,४८३	१००.००	**७.४६**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड ३ लाख ४८ हजार ५८० वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ६ लाख १७ हजार २६० वटा सक्रिय बीमालेख सुदुरपश्चिम प्रदेशमा रहेको छ ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८२ जेठ मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	४,३७,१७०	१४.९४	४,१७,६८०	१३.४४	(४.४६)
सामून्द्रिक बीमा	३,७४,३३१	१२.७९	३,७६,२८९	१२.११	**०.५२**
हवाई बीमा	१२०	०.००	२२२	०.०१	**८५.००**
मोटर बीमा	१४,३४,५४७	४९.०२	१५,१२,५६६	४८.६९	**५.४४**

इन्जि. तथा ठे. जो. बीमा	३२,६४४	१.१२	३१,४७४	१.०१	(३.५८)
विविध बीमा	१,५८,३८०	५.४१	१,५६,२५७	५.०३	(१.३४)
कृषि तथा बाली बीमा	१,३८,२९७	४.७३	१,४६,८०४	४.७३	६.१५
लघु बीमा	३,५१,०४०	१२.००	४,६५,३३०	१४.९८	३२.५६
जम्मा	२९,२६,५२९	१००.००	३१,०६,६२२	१००.००	६.१५

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.६९ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ। गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ६.१५ प्रतिशतले वृद्धि भएको छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८२ जेठ मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३,८३,४०५	१३.१०	४,०३,७१५	१३.००	५.३०
मधेश	३,१९,३४१	१०.९१	३,२८,०८६	१०.५६	२.७४
बागमती	१२,५७,९५५	४२.९८	१३,६७,९६५	४४.०३	८.७५
गण्डकी	२,८७,४०३	९.८२	२,९८,६५२	९.६१	३.९१
लुम्बिनी	४,७५,८४१	१६.२६	४,९७,९९८	१६.०३	४.६६
कर्णाली	५१,५४१	१.७६	५५,३९०	१.७८	७.४७
सुदुरपश्चिम	१,५१,०४३	५.१६	१,५४,८१६	४.९८	२.५०
जम्मा	२९,२६,५२९	१००.००	३१,०६,६२२	१००.००	६.१५

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.०३ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७८ प्रतिशत रहेको छ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८२ जेठ मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	५,९०,६८७.१८	३८.०७	७,१६,०६१.१९	४०.३१	**२१.२३**
अग्रिम भुक्तानी सावधिक	३,१७,७४८.५२	२०.४८	३,३३,६४७.१८	१८.७८	**५.००**
रुपान्तरित सावधिक	१,९३,७०२.४६	१२.४८	२,०७,९३१.०५	११.७०	**७.३५**
बालबच्चा सम्बन्धि सावधिक	२,३८,३७१.८०	१५.३६	२,९३,२१७.८५	१६.५०	**२३.०१**
वैदेशिक रोजगार म्यादी	३१,९२६.८८	२.०६	३०,८२८.०६	१.७४	(३.४४)
आजीवन	३९,१९५.२८	२.५३	३९,२२२.९५	२.२१	**०.०७**
एकल बीमाशुल्क	६८,०८७.२५	४.३९	७५,८६४.७६	४.२७	**११.४२**
म्यादी	१४,४०५.७९	०.९३	१६,२३६.०६	०.९१	**१२.७१**
लघु	२७,१६१.००	१.७५	३०,८११.०२	१.७३	**१३.४४**
अन्य	३०,२८९.२०	१.९५	३२,७३०.१२	१.८४	**८.०६**
जम्मा	१५,५१,५७५.३६	१००.००	१७,७६,५५०.२३	१००.००	**१४.५०**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.३१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.९१ प्रतिशत रहेको छ । गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १४.५० प्रतिशतले वृद्धि भएको छ ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ जेठ मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,८७,८७९.६३	१२.११	२,१४,०४४.८६	१२.०५	**१३.९३**
मधेश	१,३८,३७९.७७	८.९२	१,६२,८४२.५८	९.१७	**१७.६८**

बागमती	६,८७,९८४.३१	४४.३४	७,७३,७८७.०१	४३.५६	**१२.४७**
गण्डकी	१,५६,२९९.९४	१०.०७	१,८०,६४९.३७	१०.१७	**१५.५८**
लुम्बिनी	२,४३,३९३.२९	१५.६९	२,८३,२३०.२१	१५.९४	**१६.३७**
कर्णाली	४३,५०५.७८	२.८०	५२,५३३.८३	२.९६	**२०.७५**
सुदुरपश्चिम	९४,१३२.६३	६.०७	१,०९,४६२.३७	६.१६	**१६.२९**
जम्मा	१५,५१,५७५.३६	१००.००	१७,७६,५५०.२३	१००.००	**१४.५०**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.५६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.९६ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८२ जेठ मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	९०,३६९.३०	२५.२	९७,३०७.२६	२३.५१	**७.६८**
सामून्द्रिक	२१,०२४.४४	५.८६	२५,२७२.०७	६.१	**२०.२**
हवाई	१९,०११.८९	५.३	१८,९९०.५७	४.५९	**(०.११)**
मोटर	१,०७,७८७.०९	३०.०५	१,२६,३५१.९०	३०.५२	**१७.२२**
इन्जि. तथा ठे. जो.	६०,६३४.८०	१६.९१	७८,७७०.४९	१९.०३	**२९.९१**
विविध	३८,५०९.४२	१०.७४	४२,५३२.२२	१०.२७	**१०.४५**
कृषि तथा बाली	१३,५०२.९६	३.७६	१३,६१५.९४	३.२९	**०.८४**
लघु	७,८१०.५७	२.१८	११,११९.१६	२.६९	**४२.३६**
जम्मा	३,५८,६५०.४८	१००	४,१३,९५९.६२	१००	**१५.४२**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३०.५२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.६९ प्रतिशत रहेको छ। गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १५.४२ प्रतिशतले वृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८२ जेठ मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८३ जेठ मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३५,५४९.५५	८.९१	३९,२३२.५२	८.६१	**१०.३६**
मधेश	२६,२५०.१७	६.५८	२८,८५२.३७	६.३३	**९.९१**
बागमती	२,६७,४६२.९६	६७.०६	३,१२,१८१.००	६८.४९	**१६.७२**
गण्डकी	२०,२२६.७०	५.०७	२२,०४३.००	४.८४	**८.९८**
लुम्बिनी	३५,२५१.७९	८.८४	३८,३२७.०७	८.४१	**८.७२**
कर्णाली	३,८७०.०१	०.९७	४,३८३.६३	०.९६	**१३.२७**
सुदुरपश्चिम	१०,२२९.५६	२.५६	१०,८१४.९१	२.३७	**५.७२**
जम्मा	३,९८,८४०.७५	१००.००	४,५५,८३४.५०	१००.००	**१४.२९**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.४९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९६ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष	
		२०८१/८२	२०८२/८३ (जेठ मसान्तसम्म)
गत वर्षको निवेदन बाँकी संख्या		२८७	**३९४**
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	१२५
	प्रदेश कार्यालयमा	९१	४९
	कुल दर्ता	२३५	१७४
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	-
जम्मा निवेदन		**५२५**	**५६८**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	१७०
	सहमति	४६	५८
	जम्मा फछ्यौंट	१३१	२२८
बाँकी संख्या		**३९४**	**३४०**

चालु आ.व. २०८२/८३ को जेठ मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १२५ र प्रदेश कार्यालयमा ४९ गरी प्राधिकरणमा कुल दर्ता भएका १७४ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ५६८ वटा उजुरी प्राप्त भएको छ जसमध्ये १७० वटा उजुरी मुद्दा फैसलाबाट र ५८ वटा उजुरी सहमतीबाट गरी कुल २२८ वटा उजुरी फछ्र्यौट भएका छन् भने ३४० वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ ।

तयार:

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण